"हाम्रो परिकल्पनाः समृद्ध दिप्रुङ चुइचुम्मा"

# विनियोजन ऐन

## आ.व.- २०८२/०८३

दिप्रुङ चुइचुम्मा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

याङसोलाटार

कोशी प्रदेश, खोटाङ

समान्नित सभामा सभाध्यक्ष ज्यू,
सभाका उपाध्यक्ष ज्यू,
सभाका सचिब ज्यू,
गाउँसभाका सदस्य ज्यूहरु,
कर्मचारी ज्यूहरु ।

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको विनियोजन विधेयक, २०८२

(दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक)

प्रस्तावनाः

**दिप्रुङ चुइचुम्मा गाउँपालिकाको** आर्थिक वर्ष २०८२/०८३ को सेवा कार्यहरुको लागि सञ्चित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम **दिप्रुङ चुइचुम्मा गाउँपालिकाको विनियोजन विधेयक, २०८२** ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम "दिप्रुङ चुइचुम्मा गाउँपालिकाको विनियोजन विधेयक २०८२" रहेको छ ।

(२) यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ ।

**आर्थिक वर्ष २०८२/०८३** को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५७,९६,८६,५८९/- **(अक्षेरुपी सन्ताउन्न करोड छयानब्बे लाख छयासी हजार पाँच सय उनानब्बे मात्र)** मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ । साथै गाउँपालिकाको संचित कोषमा मौज्दात रहने रकम गाउँपालिकाको बैठकले निर्णय गरी खर्च गर्न सकिनेछ ।

**विनियोजन :** (१) यस विधेयकद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त **दिप्रुङ चुइचुम्मा गाँउपालिकाको** गाँउ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनै अपुग हुने देखिन आएमा गाँउ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा, खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकमा सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावा भुक्तानी खर्चतर्फ विनियोजित रकमव्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाँउ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचित कोषवाट विनियोजन हुने रकम

(क)संचित कोषवाट बाडँफाड गरी खर्च गर्न सकिने बजेट विवरण

| दिप्रुङ चुइचुम्मा गाउँपालिकाको अनुमानित बजेट विनियोजन आ.व. २०८२/०८३ | | | |
|---|---|---|---|
| क्र.स. | विवरण | रकम | कैफियत |
| १. | प्रशासनिक चालु तथा चालु खर्च (वडा सहित) | १२,२४,४१,५८९ बाह्र करोड चौबिस लाख एकचालिस हजार पाँच सय उनानब्बे | |
| २. | गाउँपालिका पुंजीगत खर्च | १२,५५,००,००० बाह्र करोड पचपन्न लाख | |
| ३. | सशर्त अनुदान | २७,७१,०५,००० सताईस करोड एकहत्तर लाख पाँच हजार | |
| ४. | विशेष अनुदान | १,१२,००,००० एक करोड बाह्र लाख | |
| ५. | समपुरक अनुदान | २,७८,००,००० दुई करोड अठहत्तर लाख | |
| ३. | १ नं वडा पूंजीगत खर्च | २२,५०,००० बाईस लाख पँचास हजार | |

| | | | |
|---|---|---|---|
| ४. | २ नं वडा पूँजीगत खर्च | २१,५०,००० एक्काइस लाख पँचास हजार | |
| ५. | ३ नं वडा पूँजीगत खर्च | १७,००,००० सत्र लाख | |
| ६. | ४ नं वडा पूँजीगत खर्च | २६,५०,००० छबिस लाख पँचास हजार | |
| ७. | ५ नं वडा पूँजीगत खर्च | २२,४०,००० बाईस लाख चालिस हजार | |
| ८. | ६ नं वडा पूँजीगत खर्च | २२,५०,००० बाईस लाख पँचास हजार | |
| ९. | ७ नं वडा पूँजीगत खर्च | २४,००,००० चौबिस लाख | |
| | जम्मा | ५७,९६,८६,५८९ सन्ताउन्न करोड छयानब्बे लाख छयासी हजार पाँच सय उनानब्बे | |

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ सभाको बैठकबाट मिति २०८२/०३/१० गते पारित भएको दिप्रुङ चुइचुम्मा गाउँपालिकाको बिनियोजन ऐन, २०८२ प्रमाणित गरेको छु ।

२०८२।३।१३

लोकेन्द्र राई

अध्यक्ष